
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ५ गते सोमबार ❑ 18 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरालाई पर्यटकीय राजधानी घोषणा

### पर्यटकीय राजधानीको विकासका लागि सहयोग हुन्छ : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

करिब ७ बर्ष अघिको प्रयासमा अन्ततः पोखरालाई नेपालको पर्यटनको राजधानी घोषणा गरिएको छ। तीनै तहका सरकार पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र संघिय सरकारको विशेष पहलबाट आइतबार तामझामका साथ पोखरालाई नेपालकै पर्यटनको राजधानि घोषणा गरिएको छ।

प्रदेश सरकार स्थापना भए देखि नै पोखरालाई पर्यटनको राजधानि घोषणा गर्न बिषेश पहल गरे पनि संघीय सरकारको बिषेश चासो नदिएका कारण उक्त घोषणा हुन ढिला भएको थियो । कोभिडबाट प्रभावित भएको अबस्थामा आइतबार निकै तामझामका साथ पोखरालाई पर्यटनको राजधानि घोषणाले यहाँका उद्योगी व्यवसायी र पर्यटन व्यवसायीहरु निकै उत्साहित हुनु भएको छ । तीनै तहका सरकारले पोखराको पर्यटन पूर्वाधार निर्माणमा जोड दिने भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पर्यटनको राजधानिको रुपमा पोखरालाई घोषणा गर्दै पोखरा क्षेत्रको पर्यटन पूर्वाधार निमाणमा बिषेश जोड दिने बताउनु भयो । आउदो बर्षका बजेटमा पोखरा क्षेत्रको प्रबर्द्धन गर्न अब उच्च प्रथामिकता दिदै बजेट व्यबस्थापन गर्ने उहाँको भनाई थियो । प्राकृतिक, सांस्कृतिक र साहसिक वैभवताको सङ्गमका रूपमा आफनो विशिष्ट पहिचान दिन सफल मुलुककै प्रमुख पर्यटकीय नगरी पोखरालाई मुलुककै पर्यटकीय राजधानी घोषणा गर्न पाउँदा मलाई गर्व र खुसीको अनुभूति भएको उहाँले बताउनु भयो ।

पर्यटकीय राजधानी पोखराको विकासका लागि नेपाल सरकारले प्राथमिकता पूर्वक आवश्यक सहयोग, समन्वय तथा सहकार्य गर्ने उनले विश्वास दिलाए ।



पोखरालाई अझ सुन्दर, सुरक्षित, हरियाली, व्यवस्थित र समुन्नत शहरको रूपमा विकास गर्न नेपाल सरकारले उच्च प्राथमिकता दिने प्रधानमन्त्री प्रचण्डले बताउनु भयो ।

साथै पोखराको विकास निर्माणमा विद्यमान तथा सम्भावित समस्या समाधानका लागि समेत यथोचित पहल तथा समन्वय गरिने उल्लेख गर्दै उनले पर्यटकीय राजधानीको सुदृढ पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास साझेदार हरूबाट आवश्यक साझेदारी र सहयोग प्राप्त गर्न तथा निजी क्षेत्रका लगानीकर्ताहरूबाट लगानी आकर्षित गर्न नेपाल सरकारले आवश्यक पहल गर्ने वचन दिनु भयो। गण्डकी प्रदेशको विकासमा दुरगामी महत्व राख्ने मध्यपहाडी लोकमार्ग सम्पन्न गर्न तथा पृथ्वी राजमार्गको मुग्लिन-पोखरा खण्डमा निर्माणाधीन सडक निर्माण कार्यलाई तिव्रता दिन आवश्यक समन्वय तथा अनुगमनलाई प्रभावकारी बनाउँदै लगिएको उहाँले जनाउनु भयो।

यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा पर्यटनको राजधानि घोषणाले पोखरामा बाह्य तथा आन्तरिक लगानीमैत्री वातावरण बन्ने विश्वास व्यक्त गर्नु भयो । आजैदेखि लागु हुनेगरि निश्चित मापदण्ड बनाएर पोखराको लेकसाईड ईलाका, पृथ्वीचोक, महेन्द्रपुल, चिप्लेढुंगाका वार, रेष्टुरेन्ट स्पा, किराना तथा खाजा पसलहरु रातको १ बजे सम्म खुल्नेछ भने डिस्को, दोहोरी, लाउन्ज, लाईभ म्यूजिक जस्ता व्यवशाय रातभर खुल्ला रहने मुख्यमन्त्री पाण्डेले बताउनु भयो। राउण्ड फेवा भ्यू फेवा ट्रेकिङ रुट प्रबर्द्धन, बेगनास तालमा क्रुज शिप संचालन गरिने, पोखरामा आधुनिक टर्मिनलसहित बसपार्क निर्माण गरिनेछ, पोखरामा योग ध्यान केन्द्र निर्माण गरिने, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको सहकार्यमा यी सबै काम अघि बढाउने गरि नीति कार्यक्रम, योजना र बजेटमा व्यवस्था गरिने भएको उनले जनाउनु भयो । यो प्रयत्नलाई संघीय सरकारले अपनत्व लिएर पर्यटनको विकासमा सहकार्य र साझेदारीको कार्यलाई थप प्रभावकारी बनाउने आवश्यक पहलकदमी लिनेछ भन्ने आफुहरुले अपेक्षा गरेको पाण्डेले बताउनु भयो।

पोखराको समुन्नतिको लागि तीनै तहका सरकार, निजी क्षेत्र र अन्य विकास साझेदारहरूसंग सहकार्य थप प्रभावकारी हुने विश्वास व्यक्त गर्दै उहाँले नेपाल र गण्डकी प्रदेशको पहिचान अन्तराष्ट्रियस्तरसम्म पुग्ने दाबी गर्नु भयो। गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, छिमेकी पालिकाहरु, पर्यटन सम्बद विभिन्न संघ संस्था, उद्योग बाणिज्य संघ संस्था, संयुक्त पहल कदमीमा सबैको निर्णयको आधारमा आफुहरुले पोखरालाई नेपालकै पर्यटकटनको राजधानिको रुपमा घोषणा गरिएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनु भयो। यसको प्रचार प्रसार र यहाँको पर्यटकीय गन्तव्यहरुको प्रबर्द्धन गर्न तथा पोखरालाई अझ ब्राण्डिङ गर्न पनि पोखरालाई पर्यटकीय राजधानिको रुपमा घोषणा हुन आवश्यक देखेर आफुहरुले राजधानि घोषणा सहित यहाँको अल्पकालिन, मध्यकालिन र दृर्घकालिन योजनाका साथ तीन तहका सरकारले उचित कार्ययोजना अघि बढाउने उहाँले जनाउनु भयो। यसको प्रचार प्रसार र यहाँको पर्यटकीय गन्तव्यहरुको प्रबर्द्धन गर्न तथा पोखरालाई अझ ब्राण्डिङ गर्न पनि पोखरालाई पर्यटकीय राजधानिको रुपमा घोषणा हुन आवश्यक देखेर आफुहरुले राजधानि घोषणा सहित यहाँको अल्पकालिन, मध्यकालिन र दृर्घकालिन योजनाका साथ तीन तहका सरकारले उचित कार्ययोजना अघि बढाउने मेयर आचार्यले बताउनु भयो । बसुन्धरापार्कबाट विहान सुरु भएको बृहत झाँकी सहितको र्‍याली बाराही घाटमा पुगेर उद्घाटन समारोहमा परिणत भएको थियो।

उक्त अवसरमा तीन जना व्यक्तिलाई सम्मान गरिएको थियो। प्राकृत पोखराका लेखक वरिष्ठ साहित्यकार, भाषाविद् प्रा.डा. मुकुन्द शरण उपाध्यायलाई सम्मान गरिने भएको छ । त्यसै गरी भूगोलविद् स्व.डा.हर्क गुरुङ र सुप्रसिद्ध गायक, सङ्गीतकार तथा साहित्यकार स्व.प्रेम प्रकाशमल्ललाई मरणोपरान्त सम्मान गरिएको हो। उक्त कार्यक्रमलाई विषेश उत्सवका रुपमा समेत मनाउन विविध सांस्कृतिक कार्यक्रम भएको थियो। कन्दरा ब्यान्ड मुख्यगायक (भोक लिस्ट) विवेक श्रेष्ठ, गायकप्रमोद खरेल, गायकप्रकाश सपुत, पोखरेलीगायक धर्मेन्द्र सेवान लगायतको बिषेश प्रस्तुतीः रहेको थियो।

## गण्डकीका प्रदेश प्रमुख भट्टद्वारा पदभार ग्रहण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

गण्डकीका नवनियुक्त प्रदेश प्रमुख डिल्लीराज भट्टले आफ्नो पदभार ग्रहण गर्नुभएको छ । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले डिल्लीराज भट्टलाई गण्डकीको प्रदेश प्रमुख नियुक्त गर्नुभएको थियो।

गत फागुन २८ गते नियुक्त हुनुभएका प्रदेश प्रमुख भट्ट शनिबार पोखरा आएर आइतबार पदभार सम्हाल्नुभएको हो।

सो अवसरमा उहाँले संविधानको पूर्ण कार्यान्वयनका लागि दत्तचित्त भएर लाग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "संविधान र कानुन पालना र कार्यान्वयनका लागि दत्तचित्त भएर लाग्नेछु ।" उहाँलाई गण्डकीका मुख्यमन्त्री, मन्त्रीसहित सभामुख, विपक्षी दलका नेताहरूले स्वागत गर्नुभएको थियो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हालसम्म सरकारले गरेका कामका बारेमा प्रदेश प्रमुखलाई जानकारी गराउनुभएको थियो। गण्डकीको संस्थापक प्रदेश प्रमुख बाबुराम कुँवर हुनुहुन्छ। यसपछि अमिक शेरचन, सीता पौडेल र पृथ्वीमान गुरुङले गण्डकीको प्रदेश प्रमुखका रूपमा नेतृत्व प्रदान गर्नुभएको थियो ।




## पोखराका दुई पत्रकार सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

नेपाल पत्रकार महासंघ कास्की शाखाद्वारा सञ्चालित 'प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान'बाट पोखराका दुई पत्रकार सम्मानित हुनुभएको छ।

आइतबार यहाँ आयोजित समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पत्रकार दीपेन्द्र श्रेष्ठ र दिवङ्गत पत्रकार त्रिभुवन पौडेललाई मरणोपरान्त उक्त सम्मान प्रदान गर्नुभएको हो। प्रधानमन्त्रीले पत्रकार श्रेष्ठ र दिवङ्गत पौडेलका परिवारजनलाई नगद रु. एक लाख एक हजार एक सय ११ सहित सम्मानपत्र र दोसल्ला प्रदान गर्नुभएको थियो। सो अवसरमा प्रधानमन्त्रीले पत्रकारद्वयले पोखराबाट नेपाली पत्रकारिता र सामाजिक क्षेत्रमा पुर्‍याएको योगदान उल्लेखनीय रहेको बताउनुभयो । उहाँले





बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरा पर्यटन परिषद्द्वारा प्रधानमन्त्रीलाई मागपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

पोखरा पर्यटन परिषद्ले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको माग लगायतका विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई मागपत्र बुझाएको छ।

परिषद्का अध्यक्षपोमनारायण श्रेष्ठ नेतृत्वको टोलीले आइतबार पोखरामा प्रधानन्त्रीलाई भेटेर मागपत्र बुझाएको हो । पोखरा जोडने मुख्य सडकहरुको अवस्था विकराल रहेको र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हालसम्म अन्तर्राष्ट्रिय उडान नियमित हुन नसकेको भन्दै परिषद्ले ध्यानाकर्षण गराएको हो । परिषद्ले छिटो उडान सञ्चालनको अनुरोध समेत गरेको छ। मागपत्रमा पर्यटन व्यवसायीले केही वर्षयता एकपछि अर्को सङ्कटको सामना गर्नुपरेको उल्लेख छ । अर्थतन्त्रमा शिथिलता पैदा हुँदा लगानी सङ्कटमा रहेको र रोजगारी घटेको भन्दै परिषद्ले व्यवसायीलाई ऋण तिर्न सक्ने समय र उत्प्रेरणा आवश्यक रहेको जनाएको छ । पर्यटन बोर्डको पुनःसंरचनासहित हाल रिक्त कार्यकारी बोर्ड सदस्यमा पोखराको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नेपाल एयरलाइन्सबाटै सुरु गरी अन्य एयरलाइन्सलाई पनि सुविधासहित प्याकेज दिई प्रोत्साहनको माग गरिएको छ।

गत साल नवौं राष्ट्रिय प्रतियोगिताका क्रममा दुर्घटना भई एक खेलाडीको मृत्यु भएपपछि नेपाल नागरिक उड्डयन प्रधिकरणले प्याराग्लाइडिङको एकल उडान बन्द गरेको थियो। उडान बन्द हुँदा खेलाडीले अभ्यास गर्न नपाउँदा खेलाडीको मनोविज्ञानमा असर परेको परिषद्ले मागपत्रमा जनाएको छ।

## एकीकृत समाजवादीले वामपन्थी शक्तिबीच एकीकरणलाई महत्व दिने

**रासस**
काठमाडौं, ४ चैत

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले वामपन्थी शक्तिबीच एकतालाई प्राथमिकता दिएको छ । पार्टीको १०औं महाधिवेशनका लागि तयार गर्न लागेको दस्तावेजमा वामपन्थी शक्तिबीच एकता गर्ने विषयलाई महत्व दिएको हो ।

वामपन्थी दलसँगको कार्यगत एकतालाई प्राथमिकतामा राखेर दस्तावेज परिमार्जन गर्न लागेको पार्टीले वाम ध्रुवीकरणबाट विकास


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जब प्रधानमन्त्री छमछमी नाच्नुभयो...

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत



पोखरेलीले आज बिहानैदेखि उत्सव मनाइरहेका थिए। आफ्नो प्रिय सहर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने समारोहमा उनीहरु झाँकी र नाचगानसहित सामेल भएका थिए। फेवातालछेउ बाराहीघाटमा उल्लास छाइरहेको थियो । मध्यान्हपख घोषणा समारोह सुरु भयो।

समारोहको बीचबीचमा कलाकारले प्रादेशिक मौलिकता झल्काउने गीत र नाचको प्रस्तुति दिइरहेका थिए । 'म बिना कसैकसैलाई मुस्किल छ पोखरामा...' का गायक प्रमोद खरेलदेखि प्रकाश सपुतसम्मले पोखरेलीलाई गीत सर्मपण गरे । धर्मेन्द्र सेवानले आफ्ना दिवङ्गत बुबा बुद्धि परियारले गाएको 'रेशम फिरिरि...' सुनाउनुभयो। गायक विवेक श्रेष्ठले 'हङकङ पोखरा...' गाएर दर्शकलाई मन्त्रमुग्ध पार्नुभयो । औपचारिक समारोह सकिनुपूर्व अन्तिम प्रस्तुतिका लागि गायक प्रकाश सपुत मञ्चमा उक्लनलनुभयो। समारोहका प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत मञ्चस्थ विशिष्ट पाहुनाप्रति श्रद्धापूर्वक शिर निहुराउनुभयो र आफ्नो प्रस्तुति दिन सुरु गर्नुभयो । अरुलाई एकवटा मात्र गीत गाउन दिइए पनि सपुतले दुई गीत सुनाउनुभयो। पहिलो पञ्चेबाजामा 'माकुरमाकुर घुर...' र दोस्रो 'बोलामाया...' । देशविदेशका साङ्गीतिक प्रस्तुतिमा भ्याइनभ्याइ उहाँ प्रधानमन्त्री प्रचण्डसामु भने पहिलोपटक गीत गाउँदै हुनुहुन्थ्यो। सपुतले क्रान्तिको पृष्ठभूमिबाट आउनुभएका प्रधानमन्त्रीबाट नयाँ पुस्ताले धेरै आशा गरेको बताउनुभयो । उहाँले हरेकजसो नेता मौलिक संस्कृति र गीतसङ्गीतप्रति जानकार रहेको भन्दै प्रधानमन्त्रीलगायतलाई आफ्नो गीतमा नाच्न आग्रह गर्नुभयो।

"प्रधानमन्त्रीज्यूसँग अहिलेसम्म मेरो एउटा तस्बिर पनि छैन, प्रोटोकलले दिन्छ भने उहाँलाई म नाच्नका लागि आग्रह गर्दछु", सपुतले भन्नुभएको थियो । उहाँको अनुरोधलाई सहज रुपमा स्वीकार गर्दै प्रधानमन्त्रीसहित गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सभामुख कृष्णप्रसाद धिताल, निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य मञ्चको अग्रभागमा आएर नाच्नुभयो । गायक सपुतको 'बोलमाया...' गीतमा प्रधानमन्त्रीलगायत विशिष्ट ओहोदाका व्यक्तित्वहरुको नाचले उक्त समारोहमा बेग्लै रौनकता ल्याएको थियो । प्रधानमन्त्री नाच्दा दर्शकले तालीले साथ दिएका थिए। सो दृश्यलाई धेरैले क्यामरा र मोबाइलमा कैद गरे।

समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले पोखराको विकासका लागि सङ्घ सरकारले प्राथमिकतापूर्वक आवश्यक सहयोग, समन्वय तथा सहकार्य गर्ने बताउनुभयो । उहाँले पोखरालाई अझ सुन्दर, सुरक्षित, हरियाली, व्यवस्थित र समुन्नत सहरको रूपमा विकास गर्न सरकारले उच्च प्राथमिकता दिने विश्वास दिलाउनुभयो । "पोखराको विकास निर्माणमा विद्यमान तथा सम्भावित समस्या समाधानका लागि यथोचित पहल तथा समन्वय गरिनेछ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "पर्यटकीय राजधानीको सुदृढ पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास साझेदार हरूबाट आवश्यक साझेदारी र सहयोग प्राप्त गर्न तथा निजी क्षेत्रका लगानीकर्ताहरूबाट आकर्षित गर्न सरकारले आवश्यक पहल गर्नेछ।" उहाँले आगामी वैशाखमा आयोजना गर्न लागिएको लगानी सम्मेलनले समेत यस कार्यमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरेलीको वर्षौं पुरानो सपना पूरा भएको बताउनुभयो। पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न गरिएको पटक-पटक पहलले सार्थकता पाएको उहाँको भनाइ छ । प्रमुख आचार्यले राजधानी घोषणाले विश्व पर्यटन बजारमा पोखराको 'ब्राण्डिङ' हुने बताउनुभयो।

प्रमुख आचार्यले पर्यटन राजधानी घोषणाले यस क्षेत्रका नागरिकको जीवनस्तर सुधार, रोजगारी सिर्जना र गरिबी निवारणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। आचार्यले तीन तहका सरकार मिलेर पोखरामा पर्यटनका थप पूर्वाधार निर्माण गरिने बताउनुभयो । प्रधानमन्त्री प्रचण्डले पर्यटकीय राजधानी घोषणासँगै पर्यटकीय राजधानीको लोगो सार्वजनिक तथा स्मृति स्तम्भको अनावरण गर्नुभएको थियो। सो अवसरमा कास्कीको हेम्जामा जन्मनुभएका साहित्यकार मुकुन्दशरण उपाध्यायलाई सम्मान गरिएको थियो । यस्तै दिवङ्गत भूगोलविद् हर्क गुरुङ र गायक तथा सर्जक प्रेमप्रकाश मल्ललाई मरणोपरान्त सम्मान गरिएको थियो। मल्लले 'पोखरा त साँच्चिकैको पोखरा पो रै'छ...' गीत गाउनुभएको थियो।

# प्रधानमन्त्रीलाई पोउवा संघको ज्ञापनपत्र

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत



पोखरा उद्योग वाणिज्य संघले पोखरा विमानस्थलबाट अन्तर ीष्ट्रिय उडानको सुनिश्चितताको लागि प्रधानमन्त्री प्रचण्डसँग माग गरेको छ।

आइतबार संघको तर्फबाट अध्यक्ष पवनकुमार प्रजापतिले प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र बुझाउँदै सो माग गरेका हुन् । संघले यसअघि पनि पटक-पटक प्रधानमन्त्रीलाई यो विषयबारे ध्यानाकर्षण गराएको स्मरण गर्दै विमानस्थलबाट छिटोभन्दा छिटो अन्तर्राष्ट्रिय उडान हुनुपर्ने माग दोहोऱ्याएको हो । ज्ञापनपत्रमा कोरला नाका संचालन र कोरोला नाका संचालन तथा मुक्तिनाथ-दामोदरकुण्ड हुँदै मानसरोवर कैलाश पर्वत यात्रा सहज बनाउन पनि माग गरिएको छ। यस्तै पृथ्वी राजमार्गको स्तरोन्नति,पोखरामा ७८ किलोमिटर लामो चक्रपथ निर्माणको लागि बजेट विनियोजन गर्न पनि संघले माग गरेको छ । संघले पर्यटकीय नगरी पोखरामा विदेशी पर्यटकका निम्ति मौलिक र भव्य कोसेली घर आवश्यक रहेको बताउँदै संघले कोसेली घर निर्माणको पहल थालेको र त्यसमा संघ सरकारबाट सहयोगको अपेक्षा राखेको पनि ज्ञापनपत्रमा उल्लेख छ । ज्ञापनपत्रमा आर्थिक सूचकहरु सकारात्मक देखिए पनि अर्थतन्त्रको गति बढाउन तथा भइरहेको युवा पलायन रोक्न औद्योगिकीकरण र रोजागारी पहिलो भएको उल्लेख गर्दै अगाडि भनिएको छ,' देशमै केही हुन्छ भन्ने विश्वासलाई अझ सुदृढ बनाउन लगानी बढाउनुपर्ने आवश्यकतालाई गम्भीरतापूर्वक लिनुहुनेछ भन्ने हाम्रो आग्रह रहेको छ।'

# वाइ सर्भिस क्लबको आँखा शिविरमा मोदीका १८० जना लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

वाई सर्भिस क्लब अफ पोखराको आयोजना तथा हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा शनिबार सम्पन्न आँखा शिविरमा १८० जना लाभान्वित भएका छन्।

मोदी गाउँपालिका वडा नं. १ कार्यालयको स्थानिय व्यवस्थापनमा मोदी गाउँपालिका वडा नं. १ मा रहेको भुकताङ्ले स्वास्थ्य चौकीमा आयोजना गरिएको निःशुल्क आँखा शिविरमा चस्मा तथा औषधि समेत निशुल्क वितरण गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि मोदी १ पर्वतका वडा अध्यक्ष टेकबहादुर गुरुङले वडाले हरेक वर्ष विभिन्न संघ संस्थाहरु संग मिलेर स्वास्थ्य शिविर संचालन गर्दै आएको वताउँदै ग्रामिण भेगका विकत वस्तीमा वसोबास गर्ने नागरिकलाई स्वास्थ्य सेवा गाउँ मै आएर दिएकोमा क्लब तथा अन्य संस्थाहरुलाई धन्यवाद दिर्दै आगामि दिनहरुमा पनि सहयोगको अपेक्षा गरेका थिए।

कार्यक्रममा वाइज मेन इन्टरनेशलन नेपाल डिस्ट्रिक्टका गर्भनर अरुण रानाभाटले वाइ सर्भिस क्लब अन्तराष्टिय स्तरको सामाजिक सेवा गर्दै आएको संस्था भएको र नेपालमा पनि केहि समय देखि सक्रिय रहेको वताउँदै क्लबले गरेका सामाजिक कार्यहरुको वारेमा वोलेका थिए। सो अवसरमा मोदी गापा वडा नं १ कार्यालय, भुकताङ्ले स्वास्थ्य चौकी, हिमालयन आँखा अस्पताल, ग्लोबल आइएमइ बैंक, सानिमा जिआईसि इन्स्योरेन्स, दर्शन फाउण्डेसन, खोज मिडिया, लौसीबोट सामुदायिक होम स्टे र दरबारथोक एड्भरटाईजिङ एजेन्सीलाई कार्यक्रम सम्पन्न गर्न महत्वपूर्ण सहयोग गरि पुऱ्याएको योगदानको कदर गर्दै मायाको चिनो प्रदान गरिएको थियो।

प्राविधिक सहयोग उपलब्ध गराएको हिमालय आँखा अस्पतालका कर्मचारी शालिकराम भण्डारीले हिमालय आँखा अस्पतालले विकट गाउँमा वसोबास गर्ने नागरिक लक्षित कार्यक्रमहरुलाई सहयोग गर्दै आएको वताएका थिए। क्लबका अध्यक्ष पुनम गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन कार्यक्रम संयोजक तथा रिजनल सर्भिस डाइरेक्टर कृष्ण रानाभाटले गरेका थिए।

# सरकारको गतिमा परिवर्तन ल्याउन नयाँ समीकरण बनाएका हौँ : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको गतिमा परिवर्तन ल्याउन र वामपन्थी शक्तिबीच सहकार्यका निम्ति नयाँ समीकरण बनाइएको स्पष्ट गर्नु भएको छ।

आइतबार बिहान पोखरामा पार्टीका अगुवा नेता-कार्यकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "कांग्रेसबाट पटकपटक धोका भयो । कांग्रेसबाट हामीलाई भोट 'ट्रान्सफर' हुने पनि देखिएन । सबैजसो निर्वाचनमा धोका भयो। भोलि पनि यस्तै हुने देखियो। एकातिर सरकारमा गति नआउने, अर्कोतर्फ गठबन्धनप्रति इमान्दार नहुने परिस्थितिले नयाँ गठबन्धनमा गएका हौं।"

प्रधानमन्त्री दाहालले पार्टीलाई सुदृढ गर्न एक महिने अभियान चलाइने बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय जागरण अभियान सञ्चालन गर्दैछौं। पूर्वदेखि पश्चिमसम्मको तराई-मधेशलाई समेटेर एउटा अभियान चल्नेछ। हिमाल, पहाड र तराई-मधेसलाई जोडेर उत्तर-दक्षिणका भूगोल जोडेर अभियान चलाइन्छ।"

गण्डकी प्रदेशमा माओवादीले नेतृत्व लिने सम्भावना रहेको उहाँले बताउनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ । प्रधानमन्त्रीले भन्नुभयो, "गण्डकी प्रदेश सरकारका बारेमा पनि हामी छलफल गर्दैछौं। प्रदेशमा सरकार गठनका लागि गृहकार्यमै छौं। त्यो टुङ्ग्याएपछि एउटा निष्कर्षमा पुग्नेछौं।"

केन्द्रमा नयाँ गठबन्धन बन्नुमा संविधानको रक्षा र सुदृढीकरण र वामपन्थी आन्दोलनको रक्षा नै मुख्य विषय भएको प्रधानमन्त्रीले स्पष्ट गर्नुभयो । उहाँले भन्नुभयो, "कम्युनिस्ट आन्दोलन विभाजित हुँदा राष्ट्रिय राजनीतिमा प्रतिगामी धारा बलियो हुँदै जान्छ । त्यसले व्यवस्थामाथि नै सङ्कट ल्याउँथ्यो । त्यो चुनौती पार गरिएको छ । देशको राजनीति सही बाटोमा आएको छ।"

## एकीकृत ...

भएको नयाँ समीकरणलाई सहज र सकारात्मक प्रभाव पार्ने विषयवस्तुलाई दस्तावेजमा समावेश गर्ने उपमहासचिव एवं केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो । आगामी जेठ ३ देखि ७ गतेसम्म काठमाडौंमा हुने १० औं राष्ट्रिय महाधिवेशनका लागि निर्माणाधीन दस्तावेजलाई थप अध्ययन गर्ने समय निर्धारण गरेको समितिले समान विचार तथा दृष्टिकोण भएका कम्युनिष्ट शक्तिसँग एकताका लागि अपुग भएका केही वस्तु थप्ने समझदारी भएको छ। यही चैत ६ गते दस्तावेज मस्यौदा लेखन समितिको बैठकमा समाजवादी कार्यदिशा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक प्रभावको वस्तुगत विश्लेषण गरिने प्रचार विभाग प्रमुख खतिवडाले जानकारी दिनुभयो।

## पोखराका ...


लोकतन्त्र र प्रेस स्वतन्त्रताप्रति सरकार सँधै प्रतिबद्ध रहेको बताउनुभयो। "वर्तमान सरकार विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक एवं प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्ने गरी आवश्यक संरचना र पूर्वाधारको निर्माण गर्नुका साथै कानुनी र व्यवहारिक सुनिश्चितता गर्न प्रतिबद्ध छ," प्रधानमन्त्रीले भन्नुभयो, "आमसञ्चार माध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा र समुदायको पहुँच बढाउने गरी समावेशी लोकतान्त्रिक सूचना तथा सञ्चार नीति सरकारको प्राथमिकतामा छ।" प्रधानमन्त्रीले मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगसरह मान्यता प्रदान गरी संरक्षण गर्ने सरकारको नीति रहेको बताउनुभएको छ । वर्तमान विश्वमा सूचना प्रविधि निर्णायक शक्तिका रुपमा देखा परेको प्रधानमन्त्रीको भनाइ छ। नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले सरकारले मिडिया कानुन निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो । राज्यको उपेक्षामा मिडिया क्षेत्र परेको भन्दै उहाँले आमसञ्चार प्रतिष्ठान गठन गर्न गरिएको पटकपटकको माग सुनुवाई नभएको उहाँको भनाइ छ। महासंघ कास्की शाखाका अध्यक्ष विमला भण्डारीले उक्त सम्मान कोष विसं २०५२ सालमा स्थापना भएको जानकारी दिदै गण्डकी प्रदेशको आमसंचार बिधेयक पास भईसकेको र अब छिट्टै कार्वान्वयनमा लैजानुपर्ने बताउनुभयो। दिवंगत प्रजातन्त्र सेनानी दयाशंकर पालिखेको स्मृतिमा उहाँका परिवारजनले पुरस्कारको अक्षयकोष स्थापना गरेको हुन्। विसं २०७९ को उक्त सम्मान पाउनुहुने श्रेष्ठ नेपाल पत्रकार महासंघ कास्की शाखाका पूर्वअध्यक्ष एवं एभरेष्ट एमएएमका कार्यकारी निर्देशक हुनुहुन्छ । विसं २०८० को सम्मान प्राप्त गर्नुहुने दिवङ्गत पौडेल महासंघको गण्डकी प्रदेश समितिका संस्थापक अध्यक्ष हुनुहुन्छ । महासंघका केन्द्रीयसमेत रहनुभएका पौडेलको गत वर्ष विमान दुर्घटनामा परि निधन भएको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पोखरा पर्यटकीय शहर घोषणा

पोखरालाई नेपालको पर्यटकको राजधानी घोषणा गरिएको छ । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले संयुक्त आयोजनामा भएको एक समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पोखरालाई नेपालको पर्यटकीय राजधानीको घोषणा गरे । प्रधानमन्त्री प्रचण्डले पर्यटकीय राजधानी पोखराको विकासका लागि नेपाल सरकारले सहयोग गर्ने विश्वास दिलाए । पोखरालाई पर्यटकीय सहर घोषणा गर्ने अभियान नयाँ भने होइन ।

गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पटक पटक पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि संघ सरकारलाई गरेको औपचारिक प्रस्ताव पठाएको थियो । तर, संघ सरकारबाट कुनै सुनुवाइ भएको थिएन । गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पहिलो पटक २०७५ मङ्सिर २८ मा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न संघीय सरकारलाई पत्राचार गरेका थिए । गण्डकीकै पूर्व मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले २०७८ कात्तिक २९ गते पोखरालाई पर्यटकीय राजधानी बनाउन अनुरोध गरेको थियो । यस्तै २०७९ जेठमा पोखरा महानगरको नगर कार्यपालिकाको बैठकले पर्यटकीय राजधानी घोषणाका लागि सङ्घीय सरकारसँग आग्रह गर्ने निर्णय गरेको थियो । त्यसपछि पनि राजधानी घोषणाका लागि पटक पटक प्रस्ताव गरे पनि संघ सरकारले बेवास्ता गर्दै आएको थियो ।

त्यसपछि दबाबस्वरुप प्रदेश सरकार र महानगरले पर्यटन क्षेत्रसँग सम्बन्धितहरूलाई राखेर राजधानी घोषणाका लागि अध्ययन समिति गठन गरेर अगाडी बढ्यो । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा गठित समितिमा पर्यटन सम्बद्ध संस्थाका प्रतिनिधि, पर्यटन विज्ञसहित ११ जना सदस्य थिए । उक्त समितिले अध्ययन सकेर गत पुस २६ मा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई प्रतिवेदन बुझायो । सिद्धान्त तथा स्थापित मान्यताहरूको सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्दा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरी विकास गर्न यथेष्ट आधार देखिएको प्रतिवेदनले औँल्याएको थियो ।

गण्डकी प्रदेशलाई मुलुककै पर्यटकीय केन्द्र मानी गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास तथा प्रयोग, सो सम्बन्धी सिद्धान्त तथा स्थापित मान्यताहरूको सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्दा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरी विकास गर्न यथेष्ट आधार देखिएको छ,' प्रतिवेदनमा भनिएको छ । प्रदेश सरकार मन्त्रिपरिषद् गत फागुन २३ गते बसेको बैठकले पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय गरेको थियो । प्रतिवेदनलाई आधार मानेर गण्डकी प्रदेश सरकारले पोखरा महानगरपालिका र प्रदेशका अन्य स्थानीय तहको सहभागितामा पर्यटकीय राजधानी घोषणा गरेको हो । अब पर्यटकलाई के के सुबिधा दिन सकिन्छ भन्ने घोषणा आवश्यक छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चन्दा र श्रमदान जुटाएर पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ चैत

जिल्लाका स्थानीय युवाले रु १५ लाख चन्दा र तीन महिनासम्म श्रमदान जुटाएर म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ मा दुई किलोमिटर पक्की पदमार्ग निर्माण गरेका छन् ।

बेनी–जोमसोम सडकअन्तर्गत सिरुबारी आर्यघाटबाट रिसिन चौतारीसम्म निर्माण भएको पैदलमार्गलाई विस्तार गरेर चौर–भिरपाटा हुँदै सिरसिरे डाडाँमा रहेको वडा कार्यालयसम्म पुर्याउने लक्ष्य छ । पदमार्ग निर्माण अभियानका संयोजक सागर केसीले रु १५ लाख २७ हजार सहयोग रकम जुटेको र रु १४ लाख ७७ हजार तीन सय ३३ खर्च भएको राससलाई बताउनुभयो । "स्वदेशमा हुनेले श्रमदान गर्नुभएको छ भने विदेशमा हुने गाउँलेले नगद सहयोग गर्नुभयो", उहाँले भन्नुभयो, "सहयोग रकमबाट निर्माण सामग्री खरिद गरेर स्थानीयवासीको श्रमदान जुटाएर दुई किलोमिटर पक्की सिढीसहितको पदमार्ग निर्माण गरेका छौँ ।" दाहसंस्कारका निम्ति शव घाटमा लैजाने पदमार्ग जीर्ण र जोखिमयुक्त भएकाले वडा कार्यालयसँग समन्वय गरेर गत पुसदेखि पदमार्ग निर्माण अभियान सञ्चालन भएको थियो । पदमार्ग निर्माणका लागि एक घरबाट पाँच दिनसम्म श्रमदान गरिएको निर्माण समितिका सचिव रवीन्द्र शर्मीले बताउनुभयो । उहाँले भन्नुभयो, "पदमार्ग निर्माणमा दैनिक १५ देखि ३० जनाको टोलीले निरन्तर श्रमदान गरेको थियो भने गाउँका आमा समूहहरूले दैनिकरूपमा निःशुल्क खाजाको व्यवस्था गरेको थिए ।"

गाउँको विकासमा सरकारी बजेट मात्र ताकेर बस्नेहरूका लागि पदमार्ग निर्माण खटिएका युवाहरू उदाहरण बनेको रघुगङ्गा गाउँपालिका–२ का वडाध्यक्ष अमृत भण्डारी बताउनुहुन्छ । पदमार्गलाई विस्तार गरेर वडा कार्यालय पुर्याउन चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन भएको जानकारी उहाँले दिनुभयो ।

# कालिका मन्दिरमा फागुनमा मात्रै ३५ लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ चैत

नेपालकै प्रसिद्ध धार्मिक शक्तिपीठ कालिका भगवती मन्दिरमा एक महिनामा रु ३५ लाख भेटी सङ्कलन भएको छ । मन्दिर व्यवस्थापन समितिले हरेक महिनाको पहिलो साता मन्दिरमा भएको हिसाबकिताब सार्वजनिक गर्दै आएको छ ।

कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले फागुनमा रु ३५ लाख ११ हजार पाँच सय ३५ भेटी सङ्कलन भएको बताउनुभयो । जसमध्ये नगद, सहयोग रसिद र बिक्री गर्न मिल्ने जिन्सी सामान र वस्तुबापत उक्त रकम सङ्कलन भएको हो । फागुनमा कालिका मन्दिरबाट भेटीबापत नगद रु १९ लाख ८१ हजार एक सय, चामल बिक्रीबाट रु ५४ हजार नौ सय, बोकाबाट रु एक लाख ३० हजार छ सय, कुखुराबाट रु सात हजार दुई सय प्राप्त भएको छ । साथै राँगाबाट दुई हजार, भाडा रु तीन लाख १४ हजार चार सय, विवाहबाट रु १० हजार पाँच सय आर्थिक सहयोग रु तीन लाख ४२ हजार चार सय ८५, परेवा बिक्रीबाट रु छ लाख ५५ हजार दुई सय ५०, व्रतबन्ध रु नौ सय, पण्डितबाट रु १२ हजार दुई सय सङ्कलन भएको कोषाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । यस्तै फागुनमा रु २७ लाख ३६ हजार आठ सय ९० खर्च भएको छ । फागुनमा रु सात लाख ७४ हजार छ सय ४५ बचत भएको समितिले जनाएको छ । यस्तै तलब रु तीन लाख ९७ हजार आठ सय, विद्युत् महसुल रु ५२ हजार आठ सय, अतिथि सत्कारमा रु ६७ हजार खर्च भएको छ । साथै आर्थिक सहयोग रु १५ हजार, पूर्वाधार विकास तथा निर्माणमा रु २१ लाख छ हजार, पोशाक तथा छपाइमा रु २१ हजार, खाद्यान्न तथा आवासमा रु ५४ हजार, विज्ञापनमा रु तीन हजार र सांस्कृतिक कार्यक्रम तथा भजनमा रु १६ हजार नौ सय खर्च भएको समितिको भनाइ छ । सङ्कलन भएको भेटी मन्दिर परिसरमा पूर्वाधार निर्माणमा खर्च हुने गरेको छ ।

समितिले हरेक वर्ष चैत्राष्टमी पर्वको अवसरमा ऐतिहासिक चैते दसैं मेला आयोजना गर्दै आएको छ । यसपटक यहीँ चैत ३० गतेदेखि वैशाख ६ गतेसम्म मेला सञ्चालन हुन लागेको समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ आर्वामा मणिदिप मन्दिर निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मणिदिप मन्दिर निर्माण
ठेगानाः पोखरा–१३, आर्वा
योजना शुरु मितिः २०८०/०८/२१ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/२७ गते
योजनाको कुल लागतः रु. १०,००,०००/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
अध्यक्षः विष्णु प्रसाद बराल
सचिवः शिवराज बराल
कोषाध्यक्षः बिमला बस्नेत

**श्री नागेश्वर महादेव मन्दिर विकास समिति**
**पोखरा–१३, आर्वा मणिदिप**


# जेष्ठ नागरिकमैत्री खेलकूद प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत



घुमफिर, मनोरञ्जन र धार्मिक कार्यमा संलग्न हुन पाउँदा आनन्द लाग्ने गरेको एक कार्यक्रममा सहभागि जेष्ठ नागरिकहरुले बताएका छन् । जेष्ठ नागरिक मैत्री खेलकूद प्रतियोगिताका सहभागिहरुले एक आपसमा खुशि बाढ्दै उक्त प्रतिकृया दिएका हुन ।

जेष्ठनागरिक मञ्च पोखरा १७ द्धारा आयोजित एवम् महानगर वडास्तरीय आर्थिक सहयोगबाट सञ्चालन भएको विभिन्न प्रतियोगितामा जेष्ठनागरिक महिला तथा पुरुषहरुको सकृय सहभागिता रहेको थियो । प्रतियोगिताको म्यूजिकल चियर महिलातर्फ सारदा पराजुली, भविमाया परियार बसन्धरा शर्मा र पुरुषतर्फ डण्डपानी भण्डारी, टोपराज ढुङ्गाना, र टुकप्रसाद पौडेल क्रमश प्रथम द्धितीय र तृतीय भएका थिए । त्यसैगरि चम्चादौडमा गंगा थापा, विष्णु भट्टराई र कृष्णप्रसाद पौडेल, कपहेडमा दण्डपाणी भण्डारी, कृष्णप्रसाद पौडेल र ज्ञानु सुवेदी तथा घैटो फोर्ने प्रतियोगितामा महाप्रसाद सुवेदी, शान्तिमाया मानन्धर र सावित्री खवास प्रथम द्धितीय र तृतीय भई पुरस्कृत भएका थिए । विजयी खेलाडिहरुलाई तीन, दुई र एक हजार नगद सहित खाँदाले सम्मान गरिएको थियो ।

प्रतियोगिताका विजयी आमा बुबालाई नगद पुरस्कार वितरण गर्दै पोखरा १७ का कार्यवाहक वडाअध्यक्ष विक्रम गुरुङले खेलकूदमार्फत समाजका जेष्ठनागरिकलाई मनोरञ्जन प्रदान गर्न सफल भएको बताउनुभयो । जेष्ठनागरिक मञ्च १७ का अध्यक्ष टोपराज ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य विष्णुमाया थापा, सञ्चारकर्मी हरि बास्तोला, महाप्रसाद सुवेदी, शिशुनिकेतन माविका प्राचार्य नरेन थापा, पूर्वशिक्षक ध्रुव अधिकारी, धर्मराज तिमिल्सिना, मञ्चका उपाध्यक्ष विष्णुमाया बास्तोला लगायतले जेष्ठनागरिक र खेलकूद प्रतियोगिताका बारेमा चर्चा गर्नुभएको थियो ।

# अन्टुफ कास्की भेला सम्पन्न, सर्वसम्मत नयाँ कार्यसमिति चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत




अखिल नेपाल ट्रेड युनियन महासंघ कास्की जिल्ला भेला अर्जुन पौडेलको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ ।

नेकपा (माओवादी केन्द्र)का कास्की जिल्ला संयोजक केशव पौडेलको प्रमुख आतिथ्यमा शुक्रबार महासंघको कार्यालय पोखरामा सम्पन्न भएको भेलाले पौडेलको अध्यक्षता १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा विष्णुप्रसाद पौडेल, टंक झाँक्री मगर चयन भएका छन् भने सचिवमा दिलबहादुर गुरुङ, सहसचिव सुकदेव गायक र कोषाध्यक्ष सुकु दरै सर्वसम्मत चयन भएका छन् । यसैगरी सदस्यहरूमा कृष्णप्रसाद भट्टराई, विकास गुरुङ, भिम रेग्मी, दिपक रोका केसी, लक्ष्मण गुरुङ, प्रकाश उदासी, अमृत अधिकारी, सुचिता गायक र श्याम ताम्राकार चयन भएका छन् ।

अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य महिमा शाहीको अध्यक्षतामा अन्टुफ केन्द्रीय सदस्य एवम् अन्टुफ गण्डकीका सचिव गुणराज बास्तोलाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा अन्टुफ केन्द्रीय सदस्य एवम् अन्टुफ गण्डकीका अध्यक्ष रूद्र गौतम, उपाध्यक्ष भोजराज खत्री, उपाध्यक्ष टंक पौडल, उपाध्यक्ष रमेश सिके, कोषाध्यक्ष नवीना घिमिरे अन्टुफ केन्द्रीय सदस्य जमुना सेर्पा लगायतका अतिथिको उपस्थिति रहेको थियो ।

# पत्रकार महासंघ स्याङ्जालाई कम्प्यूटर सहयोग

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ चैत

नेपाल पत्रकार महासंघ स्याङ्जा शाखालाई कार्यालय व्यवस्थापनका लागि कम्प्युटर सहयोग भएको छ । जिल्ला सदरमुकाम स्थित पुतलीबजार नगरपालिकाले महासंघलाई कम्प्युटर सहयोग गरेको हो ।

पत्रकार महासंघको स्थापना भएको झण्डै १८ बर्षपछि सदरमुकाममा कार्यालय संचालन गरेको छ । पुतलीबजार नगरपालिकाका नगर प्रमुख तुलसीराम रेग्मीले एक कार्यक्रमको आयोजना गरि पत्रकार महासंघलाई उक्त कम्प्युटर हस्तान्तरण गरेका थिए । पत्रकारहरुलाई समाचार प्रवाह गर्न सहज हुने अपेक्षा राखेर अहिलेलाई कम्प्युटर सहयोग गरेको नगर प्रमुख रेग्मीले बताए ।

पत्रकार महासंघलाई नगरपालिकाबाट हुने सहयोगमा कुनै कसुर बाँकी राख्ने छैनौं उनले भने,'भवन निर्माणका लागि जग्गा व्यवस्थापनका लागि नगरपालिकाले प्रक्रिया अगाडी बढाएको छ ।' राज्यको



चौथो अंगको रुपमा रहेको पत्रकारीता क्षेत्रलाई सम्वर्द्धन र संरक्षण गर्ने दायीत्व स्थानीय सरकारको हो उनले भने ।

स्थानीय सरकारले गरेका राम्रा कामको उच्च प्रथामिकतामा राखेर समाचार प्रवाह गरिदिन समेत नगर प्रमुख रेग्मीले आग्रह गरे । पुर्वाग्राही ढंगले समाचार प्रकाशन भन्दा पनि समालोचना हुनेगरी समाचार प्रशारण, प्रकाशन गर्दा सबैलाई न्योचित हुने तर्फ ध्यान दिन सबै पत्रकारहरुलाई नगर प्रमुख रेग्मीको सुझाव थियो । कार्यालय व्यवस्थापनका लागि पुतलीबजार नगरपालिकाले एक थान कम्प्युटर सहयोग गरेको महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देलले जानकारी दिए । 'कार्यालय नै नहुँदा जिल्लामा कार्यरत पत्रकारहरुको हकहितको साथै अन्य कामका लागि कार्य सम्पादनमा कठिनाई हुदै आएको थियो, महासंघका अध्यक्ष सिग्देलले भने,'कार्यालय स्थापनापछि सहयोग माग्नेक्रममा रहेका छौं ।' त्यसै सन्दर्भमा पुतलीबजार नगरपालिकाले पहिलो सहयोग कम्प्युटर प्रदान गरेर हौसला दिएको छ उनले भने । पत्रकार महासंघको कार्यालय व्यवस्थापनका लागि सबैलाई सहयोग गरिदिन समेत आग्रह गरेको उनले बताए ।

श्रमजीवीहरुको संगठन भएकाले यो संगठनलाई संरक्षण गर्नु स्याङ्जाका सरोकारवाला निकायको दायीत्व रहेकोले यस कार्यमा सबैले सहयोगी हात फैलाएर जिल्लाका संचारकर्मीहरुलाई सहजरुपले काम गर्ने वातावरण मिलाइदिन अध्यक्ष सिग्देलले आग्रह गरेका छन् । अहिले सम्म कार्यालय व्यवस्थापनका लागि स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष रविन्द्रमान श्रेष्ठले एक–एक थान कुर्चि टेवुल उपलब्ध गराएको पनि अध्यक्ष सिग्देलले जानकारी दिए । जिल्लामै कार्यालय नहुँदा झोलामा बोकेर महासंघ चलाउन बाध्यता भएको यो संगठनलाई अवका दिनमा भाडामा स्थापना गरिएको कार्यालयबाट कार्य सम्पादन गर्दा सहज हुने बताइएको छ । जिल्लामा झण्डै ५ दर्जन पत्रकारहरु रहेपनि महासंघमा भने ४ दर्जन पत्रकारहरु आवद्ध छन् । शुद्धिकरण अभियानका कारण अहिले महासंघमा आवद्ध रहने पत्रकारहरुको संख्या भने एकिन भइनसकेको अध्यक्ष सिग्देलले बताए ।

# लायन्स डिष्ट्रिक्क 'जे' को गभर्नरमा थापा निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत




लायन्स क्लव अन्तर ष्ट्रिय अन्तर्गत डिष्ट्रिक्ट ३२५ 'जे' नेपालको डिष्ट्रिक्ट गभर्नरमा मिलन थापा चुनिएकी छन् । शनिवार पोखराकोमा सम्पन्न दाम्रो महाधिवेशनबाट थापा डिष्ट्रिक्ट गभर्नरमा चुनिएकी हुन् । डेढ दशक बढी लायन्सको यात्रामा विभिन्न जिम्मेवारी निर्वाह गर्दै आएकी थापा लायन बर्ष २०२४/०२५ का लागि डिष्ट्रिक्ट गभर्नर बन्न सफल भएकी हुन् । उनी लायन्स क्लब अफ पोखरा सेती गण्डकीको पूर्व अध्यक्ष हुन् । महिला उद्यमी थापा लामो समयदेखि सामाजिक क्षेत्रमा सक्रिय छन् । लायन्समा उनी सन् २०१० बाट आबद्ध हुँदै विभिन्न पदमा रहेर काम गरिसकेकी छन् । विगत १४ वर्षदेखि अनवरत रूपमा सक्रिय रहदै डिष्ट्रिक्टका विभिन्न पदमा रहेर सफलताका साथ आफ़ना ज़िम्मेवारी सम्हाल्दै आएकी थापालाई डिष्ट्रिक्ट ३२५ जे नेपालको भाईस डिष्ट्रिक्ट गभर्नर पदमा लायन्स क्लब अफ पोखरा सेती गण्डकीले दुई बर्ष पहिले अगाडी बढाएको थियो ।

थापा सफल व्यवसायी मात्र नभई विभिन्न सामाजिक संघ संस्थामा समेत कुशल नेतृत्व प्रदान गरिसकेकी छन् । उनी करिव एकदर्जन भन्दा बढी संघ संस्थामा आबद्ध रहेकी छन ।

महाधिबेशनबाट डिष्ट्रिक्टको प्रथम भाइस डिष्ट्रिक्ट गभर्नरमा मिलन बाबु मल्ल निर्वाचित भएका छन् । मल्ल लायन्स क्लब अफ काठमाडौं बनस्थलीका पूर्व अध्यक्ष हुन् । डिष्ट्रिक्टको द्वितीय भाइस गभर्नरमा प्रजापति बास्तोला निर्वाचित भएका छन । उनी लायन्स क्लब अफ पोखरा चौतारीका पूर्व अध्यक्ष हुन् । यसैबीच गभर्नरमा निर्वाचित मिलन थापाले आफूलाई विश्वास गरी गभर्नर निर्वाचित गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरेकी छन् । उनले आफ्नो कार्यकाल महिला उद्यमशीलता तथा युवाहरुलाई लक्षित गरी लागू औषध न्युनीकरण अभियानमा सक्रियताका साथ काम गर्ने प्रतिबद्धता जनाएकी छन् । त्यस्तै थापाले आफ्नो कार्यकालका लागि डिष्ट्रिक सचिबमा कृष्ण बहादुर अधिकारीलाइ मनोनित गरेकी छन । अधिकारी पोखरा चौतारीका पूर्व अध्यक्ष हुन । त्यस्तै डिष्ट्रिक ट्रेजररमा कल्पना थापा र चिफ एडभाइजरमा कुश मालीलाइ गभर्नर थापाले मनोनीत गरेकी छन् ।

# चिच्च्याएर वर मागिने सत्यवती मन्दिरमा थपिए पर्यटन पूर्वधार

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ चैत

एक दशकअघिसम्म बागलुङको बरेङ गाउँपालिका-३ बाटाकाचौर साग्दीमा रहेको सत्यवती मन्दिर जीर्ण र अव्यवस्थित थियो ।

देशका विभिन्न भागबाट भक्तजन आउँदा पूजा गर्न सहज थिएन । भौतिक पूर्वाधार निर्माण भएका थिएनन् । पछिल्लो समय बरेङ गाउँपालिकाले लगानी गर्दै गएपछि व्यवस्थित बनेको छ । धार्मिक महत्व बोकेको यस मन्दिरमा परम्परादेखि नै पूजाआज गर्दै आएको पाइन्छ । यहाँ ठूलो स्वरले चिच्च्याएर वर माग्ने गरिन्छ । यसरी चिच्च्याएर वर माग्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । वर्षौं पहिलेदेखि यस मन्दिरमा भक्तजनको भीड लाग्ने गरे पनि पूर्वाधार अभावमा पूजाआजा गर्न समस्या थियो ।

पाँच वर्षयता बरेङ गाउँपालिकासँगै गण्डकी प्रदेश सरकारले पनि बजेट विनियोजन गरेर पूर्वाधार निर्माणमा जोड दिएको छ । गाउँपालिकाले मन्दिर व्यवस्थापन, खानेपानी, शौचालय, भक्तजन बस्ने भवन, फनपार्क निर्माण गरेको छ भने मन्दिरसम्म आउने सडक बाह्रै महिना सञ्चालन हुने गरी व्यवस्थित बनाएको छ । धान्य पूर्णिममा यस मन्दिरमा ठूलो मेला लाग्ने गर्छ भने हरेक महिना करिब दुई हजार धार्मिक पर्यटक यहाँ आउने गर्छन् । धार्मिक पर्यटकका लागि महत्त्वपूर्ण तीर्थस्थल मानिने सत्यवतीमा भौतिक पूर्वाधार निर्माणका लागि गण्डकी प्रदेश पर्यटन मन्त्रलायले चालु आर्थिक वर्षमा रु १० लाख र बरेङ गाउँपालिकाले रु १३ लाख बजेट विनियोजन गरेका छन् । विनियोजित बजेटबाट पदमार्ग र मन्दिर परिसरमा भवन निर्माण गर्न थालिएको छ । दक्षिण बागलुङको मुख्य धार्मिकस्थल भएको हुँदा यहाँ हालसम्म पालिकाले रु एक करोड बढी लगानी गरिसकेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । पहिले मन्दिर परिसर निकै साँघुरो हुँदा भक्ताजनले सास्ती खेप्नुपरेको भन्दै अहिले चारैतिर फराकिलो र व्यवस्थित बनाएको उहाँको भनाइ छ । देशभरबाट भक्तजन आउने तर यहाँको सडक अव्यवस्थित हुँदा दुःख पाएकाले अहिले सडकलाई कच्ची भए पनि बाह्रै महिना सञ्चालन हुने बनाएको अध्यक्ष शर्माले बताउनुभयो ।

"यस मन्दिर यस क्षेत्रकै ऐतिहासिक धरोहर हो, पहिले सामान्य मन्दिर थियो, यद्यपि भक्तजनको उपस्थिति भने निकै बाक्लो हुन्थ्यो, पछि हामीहरू निर्वाचित भएर आएपछि अघिल्लो कार्यकालदेखि निरन्तर लगानी गर्दै आएका छौं, भक्तजनलाई लक्ष्य गरी बस्ने भवन, खानेपानी, शौचालयको व्यवस्थापन गर्नुका साथै मन्दिरलाई केही व्यवस्थित गर्यौं", अध्यक्ष शर्माले भन्नुभयो ।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रकमबाट चालु आर्थिक वर्षमा मन्दिरबाट मैदानसम्मको करिब एक सय १२ मिटर पक्की पदमार्ग निर्माण गरेको निर्माण समितिका अध्यक्ष होमबहादुर श्रीसले बताउनुभयो । उद्योग तथा पर्यटन कार्यालय बागलुङसँग सम्झौता गरेर मङ्सिर अन्तिम साता नै पदमार्ग निर्माण गरिसकेको उहाँको भनाइ छ । भौतिक संरचना थपिएपछि सत्यवती मन्दिरको मुहार नै फेरिएको श्रीस बताउनुहुन्छ । मन्दिर व्यवस्थित भएपछि भक्तजन आगमनमा वृद्धि भएको उहाँको भनाइ छ ।

विशेषगरी गैँडाकोट, पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँची, बुटवल, म्याग्दी, काठमाडौँ, धनकुटा, नेपालगञ्ज र बागलुङका विभिन्न स्थानलगायतका ठाउँबाट तिर्थयात्री आउने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले मन्दिरसँगै यस क्षेत्रमा धेरै सुधार आएको छ, पहिले मन्दिरमा पूजाआज गर्न आउने मान्छे साँघुरो ठाउँ हुँदा लड्ने, लामो लाइन बस्नुपर्ने बाध्यता थियो, तर अहिले ठाउँ फराकिलो, पहिलेजस्तो लाइन बस्नु नपर्ने भएको छ, बाहिरबाट आउने मान्छेले गाउँको अवलोकन गर्ने गर्छन्, बाटोघाटो अप्ठ्यारो थियो, एकपटक आएको मान्छे अर्कोपटक आउँदैनथे, अहिले भने पटक-पटक आएर पूजा गर्ने बढेका छन् ।"

# एन्जल्स मन्टेश्वरीको १५ औं अभिभवक तथा दिक्षान्त समारोह सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत



पोखरा महानगरपालिका वडा नं ७ मासबारमा रहेको एन्जल्स मन्टेश्वरीको १५ औं अभिभावक तथा दिक्षान्त समारोह हालै सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका वडा नम्बर ७ का वडा अध्यक्ष राममोहन आचार्यले बालबालिकाको प्रारम्भिक शिक्षाको बलियो जग बसाल्ने थलोको रुपमा मन्टेश्वरी स्थापित भएको चर्चा गर्नुभयो । एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले बाबु नानीको प्रतिभा प्रस्फुटनले उनिहरु भविष्यमा उच्च मनोबलका साथ प्रस्तुत हुनसक्ने धारणा राख्नु भयो । मन्टेश्वरी एशोसियसन कास्कीका उपाध्यक्ष रितु पौडेलले एन्जल्स मन्टेश्वरी पोखराकै अग्रेणी मन्टेस्वरी भएको भन्नु भयो । मदरल्याण्ड माध्यमिक विद्यालयका प्राचार्य नारायण बराललले एन्जल्स मन्टेश्वरी आफ्नै विद्यालय नजिक भएकोले पनि यस्का गतिविधि र शिक्षण सिकाइमा अभिभावक निस्चिन्त हुन सक्ने आधार आफुले देखेको भन्नुभयो । अभिभावकको तर्फबाट बोल्दै पत्रकार प्रलाद चन्द्र घिमिरेले आफु एन्जल्स मन्टेस्वरीको शिक्षण सिकाइ विधीबाट सन्तुष्ट रहेको बताउनु भयो ।

समारोहमा वडा नम्बर ७ का वडा सदस्य अर्जुन थापा ,श्री कृष्ण माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शोभाचन्द्र बराल, मासबार आमा समुहका अध्यक्ष शारदा गिरी, पुस्करेस्वर महादेव मन्दिर व्यवस्थापन समिति अध्यक्ष पिताम्बर बराल लगायतले बोल्नु भएको थियो । सोही कार्यक्रममा युकेजी अध्ययनरत ११ जना भाइवहिनीहरु दिक्षीत हुनुभएको थियो । मन्टेश्वरीका प्राचार्य भवानी अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीको तर्फबाट शिवानी पौडेल, शिक्षकको तर्फबाट अल्पिका खत्री ,मन्टेश्वरीका प्रबन्ध निर्देशक किशोर बराल लगायत वोलेको कार्यक्रममा संचालन शिक्षिका शारदा गुरुङले गर्नु भएको थियो ।

कार्यक्रममा विद्यार्थीले आफ्न विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक प्रस्तुती राखेका थिए, एन्जल्स मन्टेश्वरी, कास्की क्षेत्रकै आठौं मन्टेश्वरीका रुपमा वि.सं. २०६६ सालमा स्थापना भएको हो । यस्का संस्थापक प्रचार्य भवानी अधिकारी हाल मन्टेस्वरी एशोसिएसन कास्कीका अध्यक्ष हुनुहुन्छ । भवानीको सानै उमेरदेखि पढ्न रुची राख्ने स्वभाव थियो । पढाइप्रतिको रुचीले दिनप्रतिदिन मन्टेश्वरी क्षेत्रमा स्थापीत नाम हो भवानी अधिकारी ।

# पाठेघर र स्तन क्यान्सर पहिचान गर्न वडामै 'स्क्रिनिङ'

**पोखरापत्र संवाददाता**
पर्वत, ४ चैत

पछिल्लो समय नेपालमा क्यान्सर लागेका महिलाहरूको सङ्ख्या बढ्दै गएको पाइएको छ । ग्रामीण क्षेत्रमाका विपन्न र अशिक्षित परिवारका महिलामा यो रोगबाट बढी पीडित भएका चिकित्सकहरूले बताएका छन् ।

क्यान्सरपीडित महिलाको सङ्ख्या बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै पर्वतको फलेवास नगरपालिकाले क्यान्सरको पहिचान गर्न थालेको छ । नगरपालिकामा रहेका ११ वटै वडाका स्वास्थ्य संस्थामा क्यान्सरको पहिचान गर्न फरक-फरक मितिमा अस्थायी 'स्क्रिनिङ' शिविरको आयोजना गरी लक्षण देखिएका महिलाहरूको पहिचान गर्ने भएको हो । नगरपालिकाको स्वास्थ्य शाखाका अधिकृत रुद्र शर्मा सापकोटाका अनुसार पाठेघरको मुख र स्तनमा भएको वा हुन लागेको क्यान्सरका बारेमा समयमा नै थाहा नपाउँदा सङ्क्रमणले च्याप्दै लगेका उदाहरण धेरै देखिएका छन् । जसले गर्दा सङ्क्रमण गहिरिसकेको हुने तथा त्यसको उपचार गर्न धेरै खर्च लाग्ने अवस्था आउने भएकाले समयमै यसको पहिचानका लागि 'स्क्रिनिङ' शिविर गर्न लागिएको सापकोटाले बताउनुभयो ।

महिलामा पाठेघरको मुख र स्तनको क्यान्सरको सङ्क्रमण बढिरहेको अवस्थामा फलेवासका महिलाहरूमा पनि यसको जोखिम रहेको भन्दै नगरपालिकाको आन्तरिक बजेटबाट कार्यक्रम गर्न लागिएको हो । "परीक्षण गर्दा सङ्क्रमण वा जोखिम रहेको पाइएमा समयमै उपचारका प्रक्रिया सुरु हुने र कम खर्च र समयमै निको हुने भएकाले यो शिविर प्रभावकारी हुने उहाँले बताउनुभयो । शिविरमा आङ खस्ने समस्याको उपचार निःशुल्क गरिने भएको छ । शिविरमा गरिने परीक्षणबाट महिलामा आगामी १० वर्षभित्रमा क्यान्सरको जोखिम रहेको भए त्यो पनि थाहा हुने भएकाले यो परीक्षण अभियान महिलाका लागि महत्त्वपूर्ण रहेको स्वास्थ्य अधिकृत सापकोटाले बताउनुभयो । अहिले गर्ने परीक्षणले महिलामा क्यान्सरको सङ्क्रमणको पूरै यकिन नगर्ने भए पनि सम्भावना र शङ्काका बारेमा स्पष्ट हुने उहाँको भनाइ छ ।

क्यान्सरको शङ्का लागेका बिरामीलाई थप परीक्षण गर्नुपर्ने अवस्थामा शिविरवाटै रेफर गरेर पठाइने फलेवासका नगरप्रमुख गङ्गाधर तिवारीले बताउनुभयो । तिवारीले घरको अर्थावस्थाका कारण उपचारका लागि अस्पतालसम्म जान नसक्ने महिलालाई नगरपालिकाले आवश्यक सहयोग गर्ने भएको छ । शिविर सञ्चालनका लागि बिपी कोइराला मेमोरियल क्यान्सर हस्पिटल चितवनबाट चिकित्सक बोलाएर स्थानीय स्वास्थयकर्मीलाई प्रशिक्षण दिएको थियो । प्रत्येक स्वास्थ्य संस्थाबाट दुई-दुईजनाका दरले सहभागी 'नर्सिङ स्टाफ'लाई तालिम दिएर जनशक्ति तयार पारिएको पालिकाले जनाएको छ । हरेक वडामा बिहान १० देखि साँझ ५ बजेसम्म शिविर चल्ने भएको छ । शिविर आजदेखि सुरु गरेर चैत २६ गतेसम्ममा पूरा गर्ने लक्ष्य नगरपालिकाको छ । सरकारको अध्ययनअनुसार नेपालमा प्रत्येक वर्ष करिब २० हजारभन्दा बढी क्यान्सरका नयाँ बिरामी थपिने गरेका छन् ।


## वोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/१२/०५)

बालमन्दिर माध्यमिक विद्यालय पोखरा ३ नदीपुरमा खेलकुद चउरमा सिमेन्टको टायल राखि व्यवस्थापन गर्नुपर्ने भएकाले कार्य गर्न इच्छुक व्यक्ति तथा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र विद्यालयमा सम्पर्क गरी विद्यालयबाट उपलव्ध ढाँचामा फारम दस्तुर जम्मा रु ५०० तिरी शिलबन्दी कोटेशन भर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि विद्यालयमा सम्पर्क गर्न जानकारी गरिएको छ ।

**बालमन्दिर माध्यमिक विद्यालय**
**पोखरा ३, नदीपुर**
**सम्पर्क नं. ०६१-५७१०८२**